Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI : https://doi.org/10.3126/anweshan.v3i2.87553
Research Article
ISSN: 3021-9035 Print

# किराती संस्कृतिमा सामाजिक संरचना

**यसोदा राई**
yashodarairai@gmail.com

## लेखसार

प्रस्तुत लेख संस्कृतिसम्बन्धी सैद्धान्तिक मान्यतामा केन्द्रित रही किराती संस्कृतिमा सामाजिक संरचनाको अध्ययनमा आधारित रहेको छ। किराती समुदायले आदिम समयदेखि आत्मसात् गर्दै आएको संस्कृतिमा सामाजिक संरचनाको स्वरूप केकस्तो रहेको छ र उनीहरूले आत्मसात् गर्दै आएको संस्कृतिलाई अझ बढी समयसापेक्ष र सृजनात्मक कसरी बनाउन सकिन्छ भन्ने विमर्शलाई यस लेखमा प्रस्तुत गरिएको छ। यस अध्ययनका लागि किराती समाजमा निहित सामाजिक, सांस्कृतिक संरचना, प्रभुत्वशाली संस्कृतिले किराती समाजमा पारेको बहुल प्रभाव र त्यसप्रति किराती समुदायको वैचारिकताजस्ता विषयहरूलाई मुख्य आधार बनाइएको छ। यसका साथै किराती संस्कृतिमा सामाजिक संरचनालाई आजको परिप्रेक्ष्यमा सकारात्मक, सृजनशील, प्रभावकारी र किराती पहिचानमुखी बनाउन आवश्यक रहेको कुरालाई यस लेखको निष्कर्षको रूपमा अगाडि सारिएको छ।

## शब्दकुञ्जी

पितृपूजा, भूमिपुत्र, मुन्दुम, सुप्तुलुङ

## विषय प्रवेश

प्रस्तुत लेख किराती संस्कृतिमा सामाजिक संरचनाका विभिन्न पक्षसँग सम्बद्ध रहेको छ। यस अध्ययनका लागि पहिचानको संस्कृतिमा सामाजिक संरचना, प्रतिनिधित्वको संस्कृतिमा सामाजिक संरचना, प्रतिरोधको संस्कृतिमा सामाजिक संरचना तथा लैङ्गिक संस्कृतिमा सामाजिक संरचनालाई नै मुख्य आधार बनाइएको छ। आदिवासी जनजाति भन्नाले निश्चित भूगोलमा बसोबास गर्ने, आफ्नै भाषा बोल्ने, मौलिक संस्कृति र प्रचलन भएका, छुट्टै इतिहास भएका समुदायलाई बुझिन्छ। त्यही समुदायमा पर्ने एक प्रमुख जाति नै किराती जाति हुन्। आफ्नै मौलिक भाषा, धर्म, संस्कृति, भूगोल, इतिहास, परम्परा र रीतिरिवाज भएका आदिवासी जनजातिलाई किराती जाति भनिन्छ। किराती संस्कृति भन्नाले किराती जातिका समग्र सवाल, विषय, दृष्टिकोण, धारणा, इच्छा, चाहना, जीवनशैली, खानपान, संस्कृति, संस्कार, पहिचान, प्रतिनिधित्व, रैथाने सभ्यता तथा ऐतिहासिक गौरवगाथा आदिलाई बुझाउँछ। यहाँ किराती जातिहरूले आदिम समयदेखि आत्मसात् गर्दै आएको संस्कृतिमा सामाजिक संरचनाको स्वरूप केकस्तो रहेको छ र उनीहरूको त्यो संस्कृतिलाई अझ बढी समयसापेक्ष र सृजनात्मक कसरी बनाउन सकिन्छ भन्ने मुख्य समस्यालाई यस अध्ययनको सीमा बनाइएको छ। यसैगरी ती समस्या समाधानका लागि प्रतिनिधित्वको संस्कृतिमा सामाजिक संरचना, पहिचानको संस्कृतिमा सामाजिक संरचना, प्रतिरोधको संस्कृतिमा सामाजिक संरचना तथा लैङ्गिक संस्कृतिमा सामाजिक संरचनाजस्ता बुँदाहरूलाई प्रमुख विशेषताका रूपमा व्याख्या गरी किराती समुदायको सांस्कृतिक संरचनाको समग्र विश्लेषण गर्ने उद्देश्य राखिएको छ। यस लेखमा किराती समुदायमा प्रचलित संस्कृतिका विभिन्न पक्ष र प्रभावहरूको गहन विश्लेषण गर्दै किराती समुदायका समुन्नति र मुक्तिका लागि सांस्कृतिक संरचनालाई किराती जनजातिमैत्री,

समृद्धिशाली र प्रभावकारी ढङ्गबाट विकसित गर्न सकिन्छ भन्ने निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ।

## *अध्ययनविधि*

प्रस्तुत लेख गुणात्मक अनुसन्धानमा आधारित रहेको छ भने आवश्यकताअनुसार यसमा द्वितीयक स्रोतहरूको पनि उपयोग गरिएको छ। यस लेखमा किराती समुदायमा व्याप्त संस्कृतिको सामाजिक संरचनाको विश्लेषणलाई मुख्य विषय बनाइएको छ। यसका लागि संस्कृतिसम्बद्ध विभिन्न सैद्धान्तिक अवधारणाहरूलाई प्रस्तुत गर्दै किराती संस्कृतिलाई पहिचान गरिएको छ। साथै किराती समाजमा प्रचलित जीवनशैली, संस्कृति र सामाजिक सम्बन्धका विभिन्न पक्ष र प्रभावहरूको सूक्ष्म विश्लेषण गर्दै किराती समुदायका समुन्नति तथा मुक्तिका लागि उनीहरूका सांस्कृतिक संरचनालाई किरातीमैत्री, समृद्धिशाली र प्रभावकारी ढङ्गबाट विकसित गर्न सकिन्छ भन्ने मौलिक दृष्टिकोणसहित वस्तुगत र प्रामाणिक विश्लेषण गर्दै प्राज्ञिक समस्याको समाधान गरी निष्कर्षमा पुगिएको छ।

## *सैद्धान्तिक पर्याधार*

संस्कृति, सांस्कृतिकता र जनजीवनको एकअर्काका बिचमा परिपूरक सम्बन्ध रहेको हुन्छ र समग्रमा संस्कृति, कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय वा मूल्य परम्पराको समष्टिगत नामलाई संस्कृतिको रूपमा लिइन्छ (कक्षपति, २०७८, पृ. ३२) । संस्कृति चलनचल्तीका सन्दर्भमा भन्दा संस्कृतिले समूह वा राष्ट्रमा प्रचलित संस्कार, रीतिरिवाज, आचारविचारसम्बद्ध समूह जातिका कलाकौशल धर्म, विश्वास, साहित्य अनि कुनै वस्तुलाई परिष्कृत रूप दिने काम आदिलाई बुझाउँछ (पाण्डेय, २०७०, पृ. १७३) । संस्कृति मानव चेतनाको उपज र मानवनिर्मित जीवनशैलीको प्रकटीकरण हो । वास्तवमा हरेक संस्कृति आफैँमा प्रगतिशील हुन्छ र त्यस संस्कृतिमा आफ्नै खाले आधुनिकता पनि हुन्छ (गुप्तो, २०८०, पृ. १६७)। जीवनपद्धतिलाई समुन्नत, शिष्ट र सौम्य बनाउने उद्देश्यले समाजले संस्कृतिको निर्माण गर्दछ । संस्कृतिको क्षेत्रभित्र परम्परा, मान्यता, जीवनशैली, प्राचीन आप्त स्वभाव, रीतिथिति, सामाजिक व्यवस्था, आर्थिक स्थिति, राजनीतिक र प्रशासन, धर्म, दर्शन, भाषा, साहित्य, ज्ञानविज्ञान, प्रविधि, कला, सङ्गीत, तन्त्रमन्त्र, नैतिकता र न्याय आदि विषयहरू समेटिएका हुन्छन् (शिवाकोटी, २०७६, पृ. ५९) । साथै संस्कृतिमा हरेक मानवजातिको जीवनदर्शन, जीवनस्तर र जन्मदेखि मृत्युसम्मका सम्पूर्ण संस्कारहरू पनि प्रतिविम्बित हुन्छन् ।

किराती जातिहरू नेपालको पुराना आदिवासी जाति हुन्। बहुसङ्ख्यक रूपमा पूर्वी पहाडी भागमा यिनीहरूको बसोबास रहेको पाइन्छ । पहेँलो वर्ण, मझौला कदका किराती जनजातिहरू हाल नेपालका विभिन्न भागमा बसोबास गरिरहेका छन् । पूर्वी नेपालको पहाडी भागमा घनाबस्तीका रूपमा यी किरातीहरूको बसोबास रहेको पाइन्छ (राई, २०७१, पृ. ३९)। किराती जनजातिहरू अन्य जनजातिजस्तै हजारौँ वर्षदेखि आफ्नै मौलिक संस्कृतिमा बाँचेको जनजातीय समुदाय हो । उनीहरूको संस्कृतिमा तीन चुलाको अत्यन्तै अर्थपूर्ण महत्त्व रहेको छ । तीन चुलालाई किराती जातिहरूले सुप्तुलुङ भन्ने गर्छन् । सुप्तुलुङ भनेको किरातीहरूको पुर्खा वा कुलदेवता बस्ने पवित्र स्थान हो (शिवाकोटी, २०७६, पृ. ७६) । किराती जनजातिहरू भाषा, पुर्खा, इतिहास, धर्म र भूमिजस्ता जातीय संस्कृतिसँग सम्बन्धित हुन्छन् । यसरी किराती जनजातिहरूको आफ्नै जातीय मौलिक पहिचान, धर्म, भाषा र इतिहास रहेको छ। समग्रमा भन्दा किरात शब्दले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा छरिएर बसेका मङ्गोलियन नस्लका विविध जातिलाई जनाउने गरिए पनि नेपालका सन्दर्भमा राई, लिम्बू, सुनुवार, याक्खा, धिमाल, दनुवार, जिरेल, थामी र हायुलाई किराती भनिए पनि यीमध्ये राई, लिम्बू, सुनुवार र याक्खाले मात्र आफूलाई किराती मानिरहेको पाइन्छ (सुवेदी, २०७८, पृ.७१) कुनकुन जातिहरू किरात जातिअन्तर्गत पर्दछन् भन्ने विषयमा छलफल र विभिन्न बहसहरू निरन्तर आजपर्यन्त चली नै रहेको छ।

किरात सभ्यताको आफ्नै किसिमको इतिहास रहेको छ। मुन्दुमलाई किरातीहरूले आफ्नो धर्म, संस्कृति तथा सामाजिक जीवनको निर्देशन गर्ने महत्त्वपूर्ण ग्रन्थको रूपमा लिएका छन्। यसमा किराती समुदायको आस्था, विश्वास र आचरण रहेको बुझिन्छ। यस संस्कृतिभित्र साकेला

संस्कृति जीवन्त रहेको छ। यो उनीहरूको अमूर्त संस्कृति हो। यसमा सम्पूर्ण जीवन र जगत्लाई परिपूरक वस्तुका रूपमा परिभाषित गरिएको पाइन्छ। आदिवासी किराती समुदायको प्रकृतिसँग निकट सम्बन्ध हुने भएकाले उनीहरूका मौलिक धर्म संस्कार आदि सबै रीतिथिती गर्नुपर्दा जल, जमिन र जङ्गलजस्ता प्रमुख कुराहरूलाई आधार लिई सम्पन्न गर्छन्। यसकारण आदिवासी किरातीहरूको मौलिक संस्कृति रैथाने र प्रकृतिमैत्री पनि हुन्छ भन्ने कुरा प्रस्ट हुन्छ (राई, २०८२, पृ. ९३)। प्रकृति र मानवबिच अन्तर्सम्बन्ध र यिनीहरूको संरक्षण, संवर्धन र विकास गर्ने परम्परा नै साकेला संस्कृति हो। यसका साथै यो अध्यात्म पद्धति प्राणी र वनस्पतिबिचको निरन्तर अन्तर्सम्बन्ध कायम राख्न प्रेरित गर्ने दर्शन पनि हो। किराती संस्कृति प्रकृतिपूजक र पितृउपासक भएकाले यसको मौलिकपना जीवित रहेको अनुभव हुन्छ। यो संस्कृति प्रकृतिकेन्द्रित रहेकाले किरातीहरू प्रकृतिपूजक हुन् भन्ने कुरा प्रस्ट पार्छ। यही कारण किरातीहरू आगो, घाम, पानी, पहाड, नदी, खोलानाला, वनजङ्गल र धर्तीको पूजा गर्छन्।

किरात समुदायमा महिलाहरूको स्थिति तुलनात्मक रूपमा अरू समुदायमा भन्दा राम्रो रहेको पाइन्छ। यो समुदायमा महिलामाथि कुनै किसिमको भेदभाव हुँदैन। किरात राज्यमा महिलाहरू राजा भएको, सेनापति भएको, पुरोहित तथा नाकछोङमा भएको पनि इतिहासमा पाइएको छ (शिवाकोटी, २०७६, पृ. ४२०-४२१)। मङ्गोल किरातीहरूको सामाजिक व्यवस्था पहिले मातृसत्तात्मक थियो। यो व्यवस्था प्राचीन कालमा मात्र होइन, कुनैकुनै ठाउँमा आज पनि जस्ताको तस्तै रहेको पाइन्छ (शर्मा, २०७७, पृ. ४५)। अध्येताहरूले प्रस्तुत गरेका किराती संस्कृतिको सामाजिक संरचनासम्बन्धी अवधारणालाई अध्ययन गर्दा मूलतः किराती जनजातीय संस्कृतिअन्तर्गत किराती समुदायको इतिहास, सभ्यता, भाषा, भूगोल, प्रकृतिपूजा, धर्म, संस्कृति, मूल्यमान्यता, जनविश्वास, घरपरिवारमा महिलाको शक्ति तथा प्रभाव, मुन्दुमी दर्शनजस्ता मुख्य कुराहरू नै किराती जनजातीय संस्कृति हुन् भन्ने कुरा प्रस्ट भएको छ।

## *किराती संस्कृतिमा सामाजिक संरचनाबारे विमर्श*

प्रस्तुत लेखमा किराती संस्कृतिमा सामाजिक संरचना शीर्षकको अध्ययन गर्न किराती संस्कृतिका विभिन्न स्वरूपमध्ये पहिचानको संस्कृतिमा सामाजिक संरचना, प्रतिनिधित्वको संस्कृतिमा सामाजिक संरचना, प्रतिरोधको संस्कृतिमा सामाजिक संरचना तथा लैङ्गिक संस्कृतिमा सामाजिक संरचनालाई अलग अलग उपशीर्षक बनाएर सूक्ष्म ढङ्गबाट केलाउने प्रयास गरिएको छ।

### *पहिचानको संस्कृतिमा सामाजिक संरचना*

नेपालको सन्दर्भमा किराती जनजातीय संरचनाको आफ्नै किसिमको प्राचीन इतिहास, सभ्यता र संस्कृति रहेको छ। प्राग्वैदिक कालदेखि यही भूभागमा बसोबास गर्दै आएका किरात समुदायले अवलम्बन गर्दै आएको जीवन पद्धति नै किराती जनजातीय संस्कृति हो (राई, २०७८, पृ. ५९)। किराती जनजातिहरूको आफ्नै मौलिक प्रकारको जीवनदर्शन रहेको छ। उनीहरू त्यही मौलिक जीवनदर्शनसँग आबद्ध भएर जीवनयापन गर्दछन्। किराती जनजातिहरूले सृष्टिको मूल कारण प्रकृतिलाई स्वीकार गर्दै भौतिक संसार, प्राणीजगत्, इन्द्रिय, मन र चेतनासमेतको सृजनालाई आधारभूमि मान्दछ। यो सन्दर्भलाई राईले भनेको कुराबाट पनि थप प्रस्ट भएको छ।

आफ्नै जातीय भाषा, भूगोल, इतिहास, धर्म, संस्कृति, परम्परा र रीतिरिवाज भएका आदिवासी जनजातिलाई किराती भनिन्छ। आदिमकालदेखि बसोबास गर्दै आएको नेपालको आदिवासी जाति नै किराती हो (राई, मुकारुङ, २०७४, पृ.७)। हलका अनुसार कुनै पनि व्यक्ति वा वस्तुविशेषलाई सामाजिक परम्परा वा विमर्शले निर्धारण गरिदिएको स्थान नै पहिचान हो (हल, १९९७, पृ.६)। पहिचानमा सांस्कृतिक विशेषताहरू हुन्छन्। आदिवासी सांस्कृतिक समूहसँग सम्बद्ध रैथाने सांस्कृतिक परम्परा र प्रथा हुन्छ, यसमा त्यस संस्कृतिका उत्पत्ति, भाषा, धार्मिक प्रचलन, सामाजिक मूल्यान्यतालाई सूचित गर्ने विभिन्न विशेषताहरू पर्छन्। ती विभिन्न सांस्कृतिक विशेषताका आधारमा किराती समुदायको संस्कृतिमा सामाजिक संरचनालाई पहिचान गर्न सकिन्छ।

राज्यको एकल भाषिक र सांस्कृतिक नीतिले गर्दा किराती समुदायको मौलिक संस्कृति हराइरहेको छ। त्यसैले उनीहरूको संस्कृतिसँगै पहिचान पनि ओझेलमा परिरहेको छ । यस प्रतिकूल सामाजिक सांस्कृतिक अवस्थालाई किराती समुदायले सूक्ष्म ढङ्गबाट बोध गर्दै आएका छन्। आफ्नो मौलिक पहिचान गुमाउँदै गएका कारण संस्कृतिको सामाजिक संरचनामा, सामाजिक, सांस्कृतिक सङ्गठन, सामाजिक सांस्कृतिक सम्बन्ध र व्यवहारमा नकारात्मक असर परिरहेको छ भन्ने संवेदनशील विषयलाई उनीहरूले बुझिरहेका छन् । मूलतः किराती समुदायको पहिचान उनीहरूको मातृभाषा, धर्म, संस्कृति, संस्कार, रीतिथिती, भेषभूषा, नाचगान तथा खानपानजस्ता यावत् कुराहरूबाट अभिव्यक्त भइरहेको हुन्छ । तथापि नेपाली समाजको सामाजिक संयन्त्रका विभिन्न संरचनामा किराती समुदायको उचित ढङ्गबाट प्रतिनिधित्व भने हुन सकेको छैन। यसरी किराती जातिहरू राज्यसत्ताको मूलधारको संस्कृतिमा पूर्ण रूपमा समाहित हुन नसकिरहेको कारण यस सन्दर्भमा समग्र किराती समुदायले विशेष जोड दिनुपर्ने आवश्यकता रहेको छ भन्ने कुरा यहाँ प्रस्ट रूपमा देखिएको छ।

नेपाली समाज बहुजाति, बहुधार्मिक तथा बहुसंस्कृति भएको एक विशिष्ट मुलुक हो। यहाँ विभिन्न जात जातिहरूका आआफ्नै किसिमका मौलिक रैथाने संस्कृतिहरू रहेका हुन्छन्। मूलतः भाषा, धर्म, इतिहास, भूगोल, सभ्यता संस्कृति, मिथक, कला, भेषभूषा, अनुष्ठान, जीवनशैली, खानपान, शारीरिक बनोट, बोली, लवजजस्ता कुराहरू नै जातीयता बुझाउने प्रमुख आधारहरू हुन् (अधिकारी, २०७८, पृ. १९)। अधिकारीका अनुसार ती जातीयता बुझाउने प्रमुख आधारभित्र हरेक जातजातिको पहिचान र अस्तित्व जीवित रहने हुँदा किराती समुदायको संस्कृतिमा यस्ता कुराहरू मिथकका माध्यमबाट पनि प्रस्टसँग झल्किन्छन् । ती मिथकहरूमा तात्कालीन सामाजिक परिवेश निहित रहने हुनाले यसलाई सांस्कृतिक स्मृतिका रूपमा लिने गरिन्छ (राई, २०८१, पृ. १५४) । त्यसैगरी किराती समुदायका मिथकहरूमा पनि उनीहरूको आफ्नै मौलिक संस्कृतिहरू निहित हुनाले यी संस्कृतिका माध्यमबाट पनि आफ्नो पहिचानलाई जोगाइराखेका हुन्छन्। समग्रमा यस्ता महत्त्वपूर्ण मिथकहरूले आदिवासी जनजातिहरूको जातीय संस्कृति र इतिहासलाई जीवन्त रूपमा राखेको हुन्छ।

मुन्दुमलाई किराती समुदायले आफ्नो धर्म, संस्कृति तथा सामाजिक जीवनको निर्देशन गर्ने महत्त्वपूर्ण ग्रन्थको रूपमा लिएको छ । यसमा विभिन्न किसिमको किराती मिथकहरू पनि समाहित रहेका छन्। किराती लोकजीवन र संस्कृतिबाट मानव विकासक्रम, जातीय चरित्रसमेतको सूक्ष्म पहिचान गर्न सकिन्छ । किराती पहिचानसम्बन्धी विभिन्न अवधारणाहरूलाई अध्ययन गर्दा मूलतः किराती पहिचानअन्तर्गत इतिहास, संस्कृति सभ्यता, भाषा, भूगोल, राष्ट्रियता, धर्म, मूल्य र विश्वास, मिथक, कला, भेषभूषा, अनुष्ठान, खानपान, शारीरिक बनोट, सांस्कृतिक मनोविज्ञान जस्ता किराती आदिवासी जनजातिहरूलाई चिनाउने सांस्कृतिक विशेषताहरू हुन् भन्ने कुरा स्पष्ट हुन्छ। यी सांस्कृतिक विशेषताहरू किराती समुदायले अवलम्बन गर्ने जातीय संस्कृतिमा प्रस्टसँग देखिन्छन्।

किराती पहिचानको निर्माणका सन्दर्भमा पनि सामाजिक, सांस्कृतिक र राजनीतिक संरचनाले ठुलो प्रभाव पारेको हुन्छ। कुनै व्यक्ति तथा समुदायको जातीय पहिचानमा उसको भाषा, धर्म, लिङ्ग, जाति, राष्ट्र आदि पक्षहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्। यस सन्दर्भमा (गिरी, २०७०) ले भनेका छन्– व्यक्ति वा कुनै जातिको पहिचान उसले सम्पादन गर्ने कार्यले मात्र निर्माण गर्दैन। उसले बोल्ने भाषा, उसले अपनाएको धर्म र संस्कृति, उसको जात र राष्ट्रियता, उसले अपनाएको व्यवसाय र उसका सम्बन्धहरू आदिबाट पनि निर्माण हुन्छन् (पृ. ३१) । पहिचान भनेको कुनै जाति विशेषले अपनाएको सम्पूर्णताबाट अभिव्यक्त हुने मूल सार हो भन्ने कुरालाई नै गिरीले पनि जोड दिएका छन् । यसरी सीमान्तकृत जाति अथवा समुदायले समाजमा आफ्नो प्रतिनिधित्वका माध्यमबाट सामाजिक, सांस्कृतिक संरचनामा कुनै न कुनै रूपमा आफ्नो मौलिक पहिचान अभिव्यक्त गरिरहेको हुन्छ। ती समुदायले अभिव्यक्त गरिरहेको सम्पूर्ण सामाजिक तथा सांस्कृतिक पक्षहरूमा उनीहरूका पहिचान प्रस्टसँग झल्कने भएकाले किराती समुदायको पहिचान भनेकै उनीहरूको आफ्नो मौलिक संस्कृति पनि हो । त्यसैले किराती समुदायको पहिचान र संस्कृति एकअर्कामा अन्तर्सम्बन्धित रहेको हुन्छ । यदि किराती समुदायको

संस्कृति र सभ्यता नरहे उनीहरूको पहिचान पनि नरहने हुनाले पहिचानको खोजी भनेकै किराती समुदायले आदिम समयदेखि अवलम्बन गर्दै आएको मौलिक रैथाने संस्कृति तथा सभ्यताको खोजीका साथै त्यही रैथाने आदिवासी संस्कृतिको निरन्तरता हो भन्ने कुरालाई यहाँ प्रस्ट पारिएको छ।

## *प्रतिनिधित्वको संस्कृतिमा सामाजिक संरचना*

सांस्कृतिक प्रतिनिधित्व भन्नाले कुनै पनि समुदायको संस्कृति, भाषा, धर्म, परम्परा, विश्वास, जीवनशैलीजस्ता कुराहरूलाई सामाजिक संरचनाका माध्यमले प्रतिनिधित्व गराउने शैलीलाई बुझिन्छ । सीमान्तकृत वर्ग, जाति र समुदाय समाजको सबैभन्दा तल्लो तहमा रहेको हुन्छ। ती वर्ग र जातिले उत्पादनको क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरे तापनि उपभोग र अवसर पाउने सन्दर्भमा भने उनीहरूलाई प्राथमिकता दिइएको हुँदैन । यसको अर्थ सांस्कृतिक निर्माणका सन्दर्भमा उनीहरूलाई प्रमुख भूमिका नदिई पछौटे प्रक्रियामा राख्ने हरप्रयास गरिन्छ । यो यथार्थलाई इतिहासको कालखण्डले पनि प्रमाणित गर्दछ। इतिहासको सबै कालखण्डमा वर्चस्वकारी राज्यसत्ता अथवा केन्द्रले विभिन्न किसिमको प्रभुत्व निर्माण गरी सीमान्तमा राखेको वर्ग, जाति तथा समुदाय नै विश्वमा सीमान्तकृत वर्ग र जातिका नामले परिचित रहेको छ । (गिरी, २०७०) का अनुसार सांस्कृतिक अध्ययनको एक महत्त्वपूर्ण अवधारणाका रूपमा प्रतिनिधित्वलाई लिइन्छ। प्रतिनिधित्वले समाजको निश्चित संरचना र त्यो संरचनाले कुनै जातिको प्रतिनिधित्व जनाउँछ (पृ. ३१) सांस्कृतिक अध्ययनले हेर्ने भनेको मूलतः प्रतिनिधित्व हो। समुदायमा प्रयुक्त भाषा, धर्म र संस्कृति तथा अन्य गैरभाषिक विभिन्न सङ्केतहरूले विशिष्ट सन्दर्भमा अर्थको उत्पादन गर्छन् र त्यसले विभिन्न व्यक्ति, समुदाय र जातिको प्रतिनिधित्वलाई सङ्केत गर्दछ।

प्रतिनिधित्वका सैद्धान्तिक व्याख्याता स्टुअर्ट हल हुन्। उनको सिद्धान्तको सार यस्तो रहेको छ– संस्कृतिका दुइटा पाटा हुन्छन् । एउटा पाटो मूलधारको संस्कृति हो । यसका निश्चित मूल्यमान्यताहरू रहेका हुन्छन् । यसलाई मानक र विशिष्ट पनि बनाइएको हुन्छ भने अर्कोतिर मूलधारभन्दा बाहिर रहेको सीमान्तकृत वर्ग र जाति हुन्छ। त्यस वर्ग र जातिले त्यही मूलधारको मानक संस्कृतिलाई कसरी सृजनात्मक ढङ्गले मोडेर प्रतिरोधात्मक संस्कृतिको रचना गर्न सकिन्छ भन्ने काम गर्छ (सुवेदी, २०७६, पृ. ३१) । हलले भनेको प्रतिरोधात्मक संस्कृति भनेको मूलधारले सृजना गरेको संस्कृतिप्रतिको असहमति हो र आफ्नो मौलिक संस्कृतिलाई स्थापित गर्ने प्रक्रिया पनि हो। प्रभुत्वशाली जाति वा समुदायले आफ्नो वर्चस्वका माध्यमबाट मूलधारको संस्कृतिलाई निरन्तरता दिनमा तत्पर रहन्छ। यस प्रक्रियामा सीमान्तकृत जातिका संस्कृतिले प्रतिनिधित्व गर्न सकेको हुँदैन । उनीहरूका रैथाने मौलिक संस्कृतिहरूलाई किनारामा पार्ने काम गरिन्छ। वर्गीय र जातीय समाजमा यो प्रक्रिया निरन्तर रूपमा चलिरहन्छ। यो प्रक्रिया नेपाली समाजमा आजसम्म पनि चलिरहेको छ।

प्रतिनिधित्व सांस्कृतिक अध्ययनको केन्द्रीय विषय हो। कुनै जाति विशेषले बोल्ने ध्वनि, उनीहरूको अभिलेख, उनीहरूको खानपान, भाषा, लवजका साथै उनीहरूले लगाएको आभूषणजस्ता यावत् कुराहरूले पनि उनीहरूको मौलिक रैथाने संस्कृतिलाई प्रतिनिधित्व गरिरहेको हुन्छ। ती प्रत्येक मौलिक रैथाने संस्कृतिले आआफ्नै विशेष अर्थ वहन गरिरहेको हुन्छ । प्रतिनिधित्व भन्नाले कुनै व्यक्ति समुदाय, समूह, विचार वा संस्कृतिलाई प्रस्तुत गर्ने शैली हो । सामान्य रूपमा हेर्दा कुनै संस्था वा स्थानबाट चयन भएको प्रतिनिधिले प्रस्तुत गर्ने कार्य वा खेल्ने भूमिकाको नाम नै प्रतिनिधित्व हो । प्रतिनिधित्वको प्रत्यक्ष सम्बन्ध संस्कृतिसँग रहेको हुन्छ। हरेक संस्कृतिले विशेष अर्थलाई संवहन गरेको हुन्छ । त्यो अर्थ भनेको मौलिक पहिचान पनि हो। उक्त पहिचान नितान्त प्रतिनिधित्वका माध्यमबाट प्रस्तुत भइरहेको हुन्छ । अर्थ उत्पादन गर्ने र त्यसलाई आदानप्रदान गर्ने माध्यम भनेको भाषा हो। त्यसैले (हल, सन् १९९७) का अनुसार भाषा भनेको अर्थ र संस्कृतिको मूल केन्द्र हो र त्यसैले भाषालाई सधैँ सांस्कृतिक मूल्य तथा अर्थहरूको प्रमुख भण्डार मानिएको छ (पृ. १)। भाषा भनेको सांस्कृतिक मूल्य तथा अर्थहरूको प्रमुख भण्डार हो भन्ने कुरालाई हलको कुराले पनि थप प्रस्ट पारेको छ। राज्यसत्ताले एकल भाषिक नीति लागु गरी किरातीहरूको

मातृभाषालाई विस्थापित गरिदिएको अवस्था रहेको छ। यसकारण मूलधारको संस्कृतिमा किराती जातिहरूको भाषिक प्रतिनिधित्व हुन सकेको छैन । अधिकांश आदिवासी किरातीहरूको मातृभाषाहरू दिनप्रतिदिन लोप भइरहेका छन्। यी भाषाहरूसँग उनीहरूको सांस्कृतिक कुराहरूको प्रत्यक्ष सम्बन्ध हुने हुनाले उनीहरूका महत्त्वपूर्ण सांस्कृतिक मूल्यहरू पनि लोप हुँदै गएका छन्। यसका विरुद्धमा आदिवासी जनजाति किरातीहरूले प्रतिरोध स्वरूप विभिन्न आवाजहरू मुखरित गरिरहेका छन्। आफ्ना मातृभाषा जोगाउनलाई विभिन्न भाषिकसम्बद्ध गोष्ठी, छलफलजस्ता कार्यक्रमहरू गरिरहेका छन् । राज्यका विभिन्न संयन्त्रहरूमा भाषिक प्रतिनिधित्व रहनुपर्दछ भन्ने किसिमका बुलन्द आवाजहरू निस्किरहेका छन्। त्यस्तैगरी किरातीहरूका यी विभिन्न मौलिक पक्षहरूलाई राज्यले मूल धारमा समेट्न सकेको छैन। यसले पनि सामाजिक संरचनामा किराती जातिहरूको सांस्कृतिक प्रतिनिधित्व हुन सकेको छैन भन्ने यथार्थलाई पुष्टि गरेको छ।

कुनै पनि जातजातिहरूका विशेष जातीय सवाल र सन्दर्भहरूलाई जबसम्म मूलधारको संस्कृतिमा ल्याउन सकिँदैन, तबसम्म ती जातिहरूको समावेशी ढङ्गबाट प्रतिनिधित्व हुन सक्दैन। यदि राज्यका विभिन्न संयन्त्रमा प्रत्येक जातजातिहरूको समावेशी प्रतिनिधित्व हुन सकेन। अन्ततः ती जातजातिहरू सामाजिक र सांस्कृतिक तवरबाटै समाजको पिँधमा पर्छन् भन्ने मूल निष्कर्ष पनि यो विमर्शबाट निकालिएको छ। त्यसैले राज्यको हरेक संयन्त्रमा विभिन्न जनजातिहरूको उचित किसिमले प्रतिनिधित्व गर्न आवश्यक रहेको देखिन्छ। यसका लागि ती विभिन्न जनजातिहरूमध्ये किराती जातिहरू आफैँले पनि समावेशी प्रतिनिधित्व दाबीका लागि आफ्नो समुदायलाई सशक्त बनाउनुपर्ने प्रमुख आवश्यकता रहेको देखिन्छ। यसका लागि शैक्षिक क्षेत्रमा पनि उत्तिकै आफ्नो समुदायको दायरा बढाउनुपर्छ भन्ने आवश्यकतालाई बोध गरी त्यसै अनुकूल अगाडि बढ्नुपर्ने देखिएको छ। यसैगरी किराती जातिहरू शैक्षिक क्षेत्रमा अगाडि आउनेबित्तिकै राज्यका अरू विभिन्न संयन्त्रमा उनीहरूको पनि पहुँच र प्रतिनिधित्व बढ्ने कुरालाई सकारात्मक रूपमा लिइएको छ। यसका साथै सकारात्मक तथा निर्माणात्मक सांस्कृतिक पक्षहरूलाई अनुसरण गरी राज्यको सामाजिक संरचनामा समावेशीमूलक सांस्कृतिक प्रतिनिधित्व बढाउनुपर्ने मूल आवश्यकता रहेको कुरालाई यहाँ स्पष्ट पारिएको छ।

## *प्रतिरोधको संस्कृतिमा सामाजिक संरचना*

'प्रतिरोध' शब्दको कोशीय अर्थ रोक, रोकावट, बाधा भए पनि असमान शक्ति संरचना र सम्बन्ध भएको परिवार समाज अथवा राज्यमा हुने शोषण र उत्पीडन विरुद्धको विरोध अथवा सङ्घर्ष नै प्रतिरोध हो (महर्जन, २०७७, पृ. १६)। जहाँ शोषण र उत्पीडन हुन्छ, त्यहाँ द्वन्द्व, सङ्घर्ष र प्रतिरोध पनि हुन्छ। वर्चस्वकारी अभिजात वर्ग र जातिले गरेको सांस्कृतिक शोषण र उत्पीडनका विरुद्धमा सचेत भएर आफ्नो हकअधिकार तथा मुक्तिका लागि जागरुक हुनु नै वास्तवमा सांस्कृतिक प्रतिरोध हो (राई, २०७९, पृ. १६४)। वर्गीय, जातीय र विभेदमूलक समाजमा यो प्रक्रिया निरन्तर चलिरहन्छ। संस्कृतिको चरित्र समाज र समूहभित्रका जीवनशैलीमा हेर्न सकिन्छ। संस्कृतिलाई समाजमा कुनै समूह वर्ग र जातिले व्याख्या गर्छ र आफ्नो अनुकूल अर्थ फैलाउँदै भाष्यको निर्माण गर्छ। यसैगरी अरू समुदाय वा जातिमाथि कुनै पनि अर्थ र संस्कृतिलाई लिएर प्रभुत्व जमाउने कर्म त्यहीँबाट सुरु हुन्छ। त्यस प्रक्रियामा जब कुनै समूह, वर्ग वा जातिले त्यो अर्थ र संस्कृतिमाथि प्रश्न गर्छ; सांस्कृतिक प्रतिरोध त्यहीबाट सुरु हुन थाल्छ।

समाजमा व्याप्त कुनै पनि वस्तु तथा विचारमा सकारात्मक र नकारात्मक पक्षबिच द्वन्द्व, एकता र रूपान्तरण प्रक्रिया निरन्तर भइरहेको हुन्छ। यसकारण प्रकृतिमा जस्तै समाजमा पनि सांस्कृतिक एकता, रूपान्तरणको, द्वन्द्व र प्रतिरोधको प्रक्रिया जारी रहन्छ। यसरी आवाज उठाउनु वा विद्रोह गर्नु नै प्रतिरोध गर्नु हो। यस सन्दर्भमा घर्तीले लेखेका छन्– संस्कृतिको रूप र अभ्यास सधैँ विरोधाभाषी हुन्छ। सांस्कृतिक रूप जीवित राख्नका लागि कुनै पनि जाति वा वर्गले विरोध, सङ्घर्ष र प्रतिरोध गर्न आवश्यकता पर्दछ (घर्ती, २०८१, पृ. ७३)। राज्यसत्ताले एकल भाषिक नीति र संस्कृतिलाई मात्र आत्मसात् गरेको

कारण किरातीहरूको मातृभाषा, सभ्यता र संस्कृतिहरू पछाडि परेका छन्। किरातीहरूले आफ्नो भाषा, संस्कृति र सभ्यता बचाउनको लागि प्रभुत्वशाली संस्कृतिप्रति प्रतिरोध गर्न आवश्यकता रहेको कुरालाई घर्तीको भनाइले पनि जोड दिएको छ । यसरी यस समुदायले आफ्नो अस्तित्व र पहिचानको लागि निरन्तर गरिरहेको सङ्घर्ष नै सांस्कृतिक प्रतिरोध हो । त्यसैले आदिवासी किराती समुदायले गर्ने प्रतिरोध भनेकै भाषा र संस्कृतिको संरक्षण हो भन्ने कुरा प्रस्टसँग देखिन्छ। नेपाली समाजमा पछिल्लो कालखण्डको अवधि भनेको वर्षौंसम्म सीमान्तकृत बनेर बाँच्न विवश भएको समुदाय वा जाति आफ्ना अधिकार, पहिचान र अस्तित्वका लागि सचेत हुँदै गएको पुस्ता पनि हो। यी पुस्ता आफूहरू माथि भएको शोषण र उत्पीडनका विरुद्ध सचेत बन्दै गएका छन्। पुरानो पुस्ताका मानिसमा प्रतिरोधी चेतना त्यति व्यापक रूपमा नपाइए तापनि नयाँ पुस्ताका मानिसहरूमा भने आफूमाथि उत्पीडन गर्नेहरूप्रति सशक्त प्रतिरोधी चेतना विकसित भएको पाइन्छ। यसअनुरूप उनीहरूले आत्मसात् गरेको मौलिक रैथाने संस्कृतिको माध्यमबाट सांस्कृतिक प्रतिरोध गरिरहेका छन्।

आदिवासी किरातीहरू प्रकृतिसँगको सामिप्यता भएको कारण उनीहरू आफ्नो थातथलोप्रति सद्भाव व्यक्त गर्दै भूमिपूजा गर्छन् । किराती समुदायमा मृत्युपछि पनि मृतक व्यक्तिलाई आफ्नै भूमिमा समाधिस्थ गर्ने पारम्परिक रैथाने संस्कार रहेको हुन्छ । उनीहरूको यस पारम्परिक रैथाने संस्कारले पनि किरातीहरूको भूमि र माटोसँगको अविच्छिन्न अन्तर्सम्बन्धलाई प्रस्ट पार्छ। त्यसकारण किराती समुदायले आफ्ना संस्कृति, रहनसहन र जीवनशैलीमा पनि भूमिसँगको अविच्छिन्नता र भूमिसम्बद्ध प्रतिरोधी चेतनालाई प्रतिबिम्बन गर्दै आएका छन्। किरातीहरू यहीँको भूमिपुत्र हुन् भन्ने सन्दर्भलाई यहाँ यसरी भनिएको छ– आदिवासी किरातीहरूको निश्चित उद्गम भूमि वा बसोबास क्षेत्र हुन्छ । संसारमा आफ्नै विशिष्ट भाषा, संस्कृति भएका किरातीहरू नेपालका आदिम जाति भएको मानिन्छ । संयुक्त राष्ट्र सङ्घले आदिवासीको अर्थमा जनजाति किरातीहरू नेपालको भूमिभित्र उत्पत्ति भएको आदिम जाति हो भन्ने कुरा उल्लेख गरेको छ (राई, २०७१, पृ. ४४)। आदिवासी किरातीहरू यस धर्तीमा बसोबासको सुरुआत गराउने जाति हुन् भन्ने कुरालाई राईले व्यक्त गरेको विचारले पनि थप प्रस्ट पारेको छ।

किराती समुदायको पछिल्लो समयका पुस्ताले साकेला संस्कृतिप्रति झन् चासो र रुचि देखाएका छन्। यस संस्कृतिमा उनीहरूको आदिम संस्कृति तथा किराती मिथकहरू प्रशस्तै झल्किन्छन्। किराती मिथकका बारेमा यहाँ यसरी भनिएको छ– आदिवासी जनजाति किराती मिथकहरूले आदिवासी जनजाति रैथानेहरूको इतिहास, संस्कृति र सिङ्गो सभ्यता बोकेको हुन्छ। ती मिथकहरूमा नै किराती जनजाति समुदायको उत्पत्ति, उनीहरूको बसोबास क्षेत्र, उनीहरूको भाषा, धर्म, संस्कृति र सभ्यताजस्ता यावत् कुराहरू समावेश भएका हुन्छन्। त्यसैले किरातीहरूले मिथकलाई इतिहासको स्रोत मान्ने गर्छन् (मार्टिन, सन् २०१९, पृ.२९७) । मार्टिनले भनेझैँ किराती समुदायमा प्रचलित ऐतिहासिक मिथकीय पात्रहरूका माध्यमबाट किराती जनजातीय संस्कृति तथा सभ्यताको ऐतिहासिक सन्दर्भलाई प्रभावशाली ढङ्गबाट प्रतिबिम्बन गरिएको हुन्छ। आदिवासी किरातीहरूको संस्कृति र सभ्यताको निर्माण गर्ने काम ऐतिहासिक मिथकीय पात्रहरूका माध्यमबाट गरिने हुनाले ओझेलमा पारिएका ती महत्त्वपूर्ण सांस्कृतिक मिथकहरूको खोजी तथा उत्खनन् गर्ने काम किराती समुदायबाटै तीव्र रूपमा हुँदै आएको छ।

किराती समुदायको आफ्नै किसिमको रैथाने संस्कृति र सभ्यता रहेको छ। त्यही रैथाने संस्कृति र सभ्यतामाथि प्रहार भएपछि उनीहरूको अस्तित्व सङ्कटमा परेको हो । यस सन्दर्भलाई यहाँ यसरी भनिएको छ– पृथ्वीनारायण शाहको राज्य एकीकरण अगाडिसम्म पनि पूर्वी नेपालको पहाडी क्षेत्रमा किरातीहरूको आधिपत्य रहेको थियो । पृथ्वीनारायण शाहको एकीकरण अभियानसँगै किरातहरूको शासकीय अधिकार गुम्यो र उनीहरूको रैथाने संस्कृति र सभ्यताजस्ता कुराहरूमाथि हस्तक्षेप भई जबर्जस्ती हिन्दु संस्कृतिलाई अवलम्बन गर्न बाध्य पारिएको हो (सुवेदी, २०७८, पृ. ६२)। किराती समुदायको रैथाने संस्कृति लोप हुनुको प्रमुख कारण भनेकै वर्चस्वशाली राज्यसत्ताको असमावेशी नीति र चरित्र हो भन्ने कुरा सुवेदीको लेखबाट पनि स्पष्ट पारिएको छ । संस्कृति र सभ्यतासँग हरेक जात/जातिहरूको पहिचान पनि जोडिने भएकाले आफ्नो

संस्कृति र सभ्यतालाई जीवन्त राख्नमा तल्लीन आदिवासी किरातीहरूले विभिन्न संस्कृति र सभ्यतासम्बद्ध विभिन्न विमर्श, छलफलहरू तीव्र रूपमा गर्दै आइरहेका छन् । यसका साथै ती हस्तक्षेप भएका संस्कृति र सभ्यतालाई जोगाउन र रैथाने पहिचानलाई निरन्तरताका लागि सशक्त प्रतिरोध पनि गरिरहेका छन् ।

## *लैङ्गिक संस्कृतिमा सामाजिक संरचना*

समाजमा महिला र पुरुषको शारीरिक भूमिका तथा विशेषता नभएर तिनको सामाजिक, सांस्कृतिक भूमिका र विशेषताहरूको बोध गराउनु नै लैङ्गिक शब्दको अर्थ हो । यसले मानिसमा हुने जैविक भिन्नतालाई नभई सामाजिक, सांस्कृतिक भिन्नता र व्यवहारलाई जनाउँछ। कुनै पनि समाजमा महिलाको अवस्था कस्तो किसिमको रहेको छ भन्ने विषयलाई त्यस समाजमा व्याप्त लैङ्गिक दृष्टिकोण र सामाजिक, सांस्कृतिक व्यवहारले सृजना गरेको सामाजिक, सांस्कृतिक संरचनाको पनि ठुलो भूमिका रहन्छ। यसै सन्दर्भमा भन्ने हो भने तुलनात्मक रूपमा अरू समुदायमा भन्दा किराती परिवार र समाजमा महिलाहरूको स्थान सकारात्मक रहेको छ । महिलाहरूको प्रबल भूमिकाको बारेमा (राई, २०७१) ले लेखेका छन्– प्राचीन समयमा पुरुषहरू खाद्य सङ्कलनको लागि सधैँ घरबाट टाढा हुने र घरमा बसेर महिलाहरूले आफ्ना बच्चाहरूलाई खुवाउने कामदेखि समाज, नातागोतासँग बोलचाल तथा व्यवहार गर्नुपर्ने विशेष कारणले गर्दा परिवारमा महिलाको निर्णायक भूमिका रहेको थियो (पृ. ३५) । आजसम्म पनि किराती आदिवासी जनजाति समुदायमा उक्त परम्परा समावेशी र सहयोगीमूलक भएको पाइन्छ।

किराती समाजमा महिलाहरू स्वतन्त्र हुनाका साथै विभिन्न किसिमको सामाजिक, सांस्कृतिक संयन्त्रहरूमा उनीहरूको भूमिका सन्तोषजनक रहेको छ। जसले गर्दा उनीहरूको सामाजिक र सांस्कृतिक आयाम र प्रतिनिधित्वलाई फराकिलो बनाएको छ । यस विषयलाई लिएर (राई, २०७३) ले यसरी लेखेका छन्– समाज व्यवस्थाले निर्माण गरेको वर्गभेद किराती समाजमा रहे तापनि लिङ्गभेद भने अत्यन्तै कम रहेको छ; जसले गर्दा अरू समुदायका महिलाहरूभन्दा किराती समुदायका महिलाहरू तुलनात्मक रूपमा स्वतन्त्र र आत्मनिर्भर छन् (पृ. ६४) राईले गरेको तर्क कतिपय अर्थमा सही पनि छ । तथापि महिलाहरू स्वतन्त्र हुँदैमा सबै महिलाहरू आत्मनिर्भर र सक्षम हुन सक्छन् त भन्ने मूल यक्ष प्रश्न पनि हो । यदि त्यसो हो भने राज्यको हरेक निकाय वा राज्यको मूल संयन्त्रमा किराती महिलाहरूको प्रतिनिधित्व किन न्यून रहेको छ त ? भन्ने प्रश्न पनि आउन सक्छ । शिक्षा, सरकारी रोजगारदेखि लिएर विभिन्न विशेष पद र ओहदामा आम महिलाहरूमा पनि किराती आदिवासी जनजाति महिलाहरूको न्यून रूपमा सहभागिता रहेको छ भन्ने तथ्यलाई विभिन्न सरकारी तथ्याङ्कहरूबाट पनि प्रस्ट पारिएको छ । त्यसैले गर्दा ती आदिवासी जनजाति महिलाहरूले शिक्षा क्षेत्रमा अगाडि आउनको लागि अझैँ यथेष्ट प्रयास गर्नुपर्ने अवस्था रहेको देखिन्छ। किराती आदिवासी जनजाति महिला समुदायले शैक्षिक क्षेत्रमा प्रबल रूपमा प्रतिनिधित्व जनाउन नसकेसम्म उनीहरू आत्मनिर्भर र पूर्ण स्वतन्त्र हुने सम्भावना पनि देखिँदैन । त्यसैले स्वतन्त्र, सशक्त तथा दिगो आत्मनिर्भर हुनका लागि सर्वप्रथम शैक्षिक रूपमा अगाडि बढ्न आवश्यक रहेको छ भन्ने मूलभूत कुरालाई यहाँ स्पष्टसँग औँल्याइएको छ।

## *निष्कर्ष*

प्रस्तुत लेख किराती संस्कृतिमा सामाजिक संरचनाका विभिन्न पक्षको विश्लेषणमा केन्द्रित रहेको छ। यस अध्ययनका लागि पहिचानको संस्कृतिमा सामाजिक संरचना, प्रतिनिधित्वको संस्कृतिमा सामाजिक संरचना, प्रतिरोधको संस्कृतिमा सामाजिक संरचना तथा लैङ्गिक संस्कृतिमा सामाजिक संरचनालाई मुख्य आधार बनाइएको छ। किराती समुदायले आत्मसात् गरिरहेको रैथाने संस्कृतिका माध्यमबाट उनीहरूको जातीय पहिचान झल्किरहेको हुन्छ। यसरी किराती समुदायको संस्कृति र पहिचानबिच एकअर्कामा अन्तर्सम्बन्ध हुने भएकाले उनीहरूको संस्कृति तथा सभ्यता नरहे पहिचान पनि रहँदैन भन्ने भाव यहाँ अभिव्यक्त गरिएको छ । आदिवासी किराती समुदाय विशेषले बोल्ने ध्वनि, उनीहरूका संस्कार, खानपान, भाषा, लवजका साथै लगाएको आभूषणजस्ता यावत् कुराहरूले

उनीहरूको मौलिक रैथाने संस्कृतिलाई प्रतिनिधित्व गरिरहेको हुन्छ। जबसम्म यी किराती समुदायका विशेष सवाल र सन्दर्भहरूले मूलधारको संस्कृतिमा उचित स्थान पाउँदैनन्, तबसम्म राज्यका विभिन्न संयन्त्रमा त्यो समुदायको समावेशी प्रतिनिधित्व हुन सक्दैन । यदि राज्यका विभिन्न संयन्त्रमा किराती समुदायको समावेशी प्रतिनिधित्व सही ढङ्गबाट हुन सकेन भने सामाजिक र सांस्कृतिक रूपमै त्यो समुदाय पिँधमा पर्दछ भन्ने मूल निष्कर्ष पनि यस विमर्शबाट निकालिएको छ। त्यसैले समावेशी प्रतिनिधित्व दाबीका लागि आदिवासी किरातीहरू आफैँले पनि उनीहरूलाई सशक्त बनाउनुपर्ने प्रमुख अपरिहार्यतालाई पनि यहाँ औँल्याइएको छ। यसका लागि प्राज्ञिक क्षेत्रमा पनि अगाडि बढ्नुपर्छ भन्ने प्रमुख आवश्यकतालाई बोध गरी त्यसैअनुकूल भई सामाजिक, सांस्कृतिक संरचनाको पुनर्निर्माण गर्नुपर्ने कुरालाई पनि यो लेखमा स्पष्ट पारिएको छ। समग्रमा किराती संस्कृतिको सामाजिक संरचनालाई आजको समसामयिक परिप्रेक्ष्यमा अझ सकारात्मक, सृजनशील, किरातीमैत्री, पहिचानमूलक, समृद्धिशाली र प्रभावकारी ढङ्गबाट विकसित गर्न सकिन्छ भन्ने कुरालाई यस लेखको निष्कर्षको रूपमा अगाडि सारिएको छ।

## *सन्दर्भ सामग्रीसूची*


अधिकारी, ज्ञानु (२०७८). *समकालीन नेपाली कवितामा पहिचानको स्वर.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

कक्षपति, सावित्री, (२०७८). *उत्तरवर्ती चरणका नेपाली कथामा संस्कृति.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

गिरी, अमर (२०७०). 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा'. *भृकुटी.* (सांस्कृतिक अध्ययन विशेषाङ्क). पूर्णाङ्क–१९, पृ. १२–४६।

गुप्तो, अरूण (२०८०). *संस्कृति चिन्तन.* काठमाडौँ : इन्डिगो प्रकाशन।

घर्ती दुर्गाबहादुर (२०८१). *सांस्कृतिक अध्ययन.* काठमाडौँ : इन्डिगो इन्क प्रा. लि।

पाण्डेय, ताराकान्त (२०७०). 'संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद'. *भृकुटी* (सांस्कृतिक अध्ययन विशेषाङ्क). पूर्णाङ्क–१९, पृ. १७३–१९३।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौ भँडीपुराण।

महर्जन, राजेन्द्र (२०७७). *सिलु म्ये र सामाजिक प्रतिरोध.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

मार्टिन, ग्याँन्सले (सन् २०१९). *उत्पत्ति र आदिम बसाइँसराइ.* (अनु. तारामणि राई). प्रकाशन : मेवाहाङ राई या–खोम्पा. उपत्यका समिति काठमाडौँ।

मुकारुङ, राजन (२०७३). 'बहसमा किराती सौन्दर्यशास्त्र'. (तारामणि राई र गणेशकुमार राई सम्पा.). *किराती सौन्दर्यशास्त्र.* (पृ.८०–८९), ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।

राई, कैलाशकुमार (२०७८). 'किरात संस्कृतिको सिंहावलोकन'. (कैलाशकुमार राई, शालिक शातासक राई सम्पा.). *किरात सभ्यता.* (पृ. ५८–७०). काठमाडौँ : किरात राई यायोक्खा।

राई, प्रकाश (२०७३). 'आदिबासी सौन्दर्यशास्त्र : एक समाजशास्त्रीय दृष्टिकोण'. (तारामणि राई, गणेशकुमार राई सम्पा.). *किराती सौन्दर्यशास्त्र.* (पृ. ४९–५५), ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।

राई, यसोदा (२०७९). 'खगेन्द्र सङ्गौलाका कथामा प्रतिरोधी चेतना'. *प्रज्ञा.* (विज्ञसमीक्षित अर्धवार्षिक शोधपत्रिका). पूर्णाङ्क–१२३. पृ. १५४–१६५)।

राई, यसोदा (२०८१). 'समकालीन नेपाली कवितामा किराती पहिचान'. *समाज अन्वेषण.* २ (२). पृ. १५२–१६०)।

राई, विष्णु (२०७१). *किरात सभ्यता : मानवशास्त्रीय एक अध्ययन.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

शर्मा, जनकलाल (२०७७). *हाम्रो समाज : एक अध्ययन.* (पाँचौँ संस्क.). ललितपरु : साझा प्रकाशन।

शिवाकोटी, गोपाल (२०७६). *किराँत जाति.* काठमाडौँ : पैरवी प्रकाशन।

सुवेदी, अभि (२०७६). 'सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास'. *रत्न बृहत नेपाली समालोचना.* (सैद्धान्तिक खण्ड). (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). काठमाडौँ : रत्न पुस्तक भण्डार. पृ. १२४–१३९ ।

सुवेदी, धनप्रसाद (२०७८). 'किरात राई साहित्य : सङ्क्षिप्त रेखाङ्कन'. (कैलाशकुमार राई, शालिक शातासक राई सम्पा.). *किरात सभ्यता.* (पृ. ७१–८६). काठमाडौँ : किरात राई यायोक्खा।

Hall. S (1997). The work of representation. In S. Hall (Ed.), *Representation: Cultural representation and signifying practices.* Sage publication.